
ネパール語版
नेपाली संस्करण

विदेशी परिवारहरूको लागि

# जापानको प्राथमिक विद्यालयमा भर्ना हुन अघि

(शिक्षा प्रणाली संस्करण)




## प्राथमिक विद्यालयमा भर्ना, त्यस पछि...?


विदेशी परिवारका धेरै जसो, आमाबाबु र बच्चा दुबैले पहिलो पटक जापानी शिक्षा प्रणालीको अनुभव गर्छन्। जापानमा, निम्न माध्यमिक विद्यालय पास गरेपछि, आफूले चाहेको बाटो /क्यारियर रोज्छन्। उच्च माध्यमिक विद्यालयमा भर्ना हुनको लागि प्रवेश परीक्षा दिन पर्ने र परीक्षामा उत्तीर्ण हुनेहरुले मात्र उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्न पाउँछन्। पैसा पनि लाग्दछ। जापानमा आफूले अध्ययन गर्न चाहेको विषयमा भर्ना हुन निकै कडा परिश्रम गर्नु पर्ने र पैसा पनि तयार गर्न पर्दछ। आमाबाबु र छोराछोरीले मिलेर क्यारियरको निम्ति तयारी गर्न आवश्यक हुन्छ।

अबका दिनमा प्राथमिक विद्यालयमा भर्ना हुने बालबालिकाको लागि, भविष्यमा कस्तो खालको क्यारियरले पर्खिरहेको छ होला?

★「जीवनयापन संस्करण」「अध्ययन संस्करण」「शिक्षा कोष संस्करण」हेर्नुहोला।

# जापानी शिक्षा प्रणाली





| 4/1सम्ममा पुगेको उमेर / पुरा उमेर | विद्यालय वर्ष | |
|---|---|---|
| 0-1 वर्ष | | |
| 1-2 वर्ष | | |
| 2-3 वर्ष | | |
| 3-4 वर्ष | जुनियर | पूर्वस्कूल शिक्षा — योउचिएन (किंडरगार्टेन) बालबालिका सहयोग प्रमाणित बाल संस्था |
| 4-5 वर्ष | मिडियम | |
| 5-6 वर्ष | सिनियर | |
| 6-7 वर्ष | स्योउ गाक्कोउ पहिलो वर्ष | अनिवार्य शिक्षा अवधि — स्योउ गाक्कोउ (प्राथमिक विद्यालय) |
| 7-8 वर्ष | स्योउ गाक्कोउ दोश्रो वर्ष | |
| 8-9 वर्ष | स्योउ गाक्कोउ तेस्रो वर्ष | |
| 9-10 वर्ष | स्योउ गाक्कोउ चौथो वर्ष | |
| 10-11 वर्ष | स्योउ गाक्कोउ पाचौं वर्ष | |
| 11-12 वर्ष | स्योउ गाक्कोउ छैठौं वर्ष | |
| 12-13 वर्ष | च्यू गाक्कोउ पहिलो वर्ष | च्यू गाक्कोउ (निम्न माध्यमिक विद्यालय) |
| 13-14 वर्ष | च्यू गाक्कोउ दोश्रो वर्ष | |
| 14-15 वर्ष | च्यू गाक्कोउ तेस्रो वर्ष | |
| 15-16 वर्ष | कोउकोउ पहिलो वर्ष | कोउतोउ गाक्कोउ (उच्च माध्यमिक विद्यालय) |
| 16-17 वर्ष | कोउकोउ दोश्रो वर्ष | |
| 17-18 वर्ष | कोउकोउ तेस्रो वर्ष | |
| 18-19 वर्ष | दाइगाकु पहिलो वर्ष | दाइगाकु (विश्वविद्यालय) |
| 19-20 वर्ष | दाइगाकु दोश्रो वर्ष | |
| 20-21 वर्ष | दाइगाकु तेस्रो वर्ष | |
| 21-22 वर्ष | दाइगाकु चौथो वर्ष | |

पूर्वस्कूल शिक्षा

अनिवार्य शिक्षा अवधि

प्रवेश परीक्षा हुन्छ

अनिवार्य शिक्षा अवधि भर फेल वा स्किपिङ हुन्दैन।

वाताकुसिरिचु (निजी) च्यू गाक्कोउ प्रवेश परीक्षा

निम्न र उच्च माध्यमिक विद्यालय एकीकृत शिक्षण संस्था

कोउतोउ सेनस्यु गाक्कोउ

कोउतोउ सेनमोन गाक्कोउ

तान्की दाइगाकु (छोटो अवधि विश्वविद्यालय)

सेनमोन गाक्कोउ (प्राविधिक विद्यालय)

(विश्वविद्यालय मास्टर कोर्स)

(विश्वविद्यालय पीएचडी कोर्स)

6 वर्ष अध्ययन गर्ने संकाय पनि हुन्छ ।

थप अध्ययन गर्न चाहनेहरू विश्वविद्यालय (स्नातक वा सो भन्दा माथि) जान्छन्।

▲कोउतोउ गाक्कोउ आदिको प्रवेश परीक्षा बारे

☆माथि उल्लेखित मुख्य विद्यालयका कोटिहरू हुन्। विद्यालय अप्रिलमा सुरु भइ मार्चमा समाप्त हुन्छ।

☆अप्रिल 2 बाट अर्को वर्ष अप्रिल 1 सम्ममा जन्मिएका बालबालिकाले एकै कक्षामा अध्ययन गर्दछन्।

☆पुरा उमेर भन्नाले, आफू जन्मिएको दिन 0 वर्ष र त्यसपछि प्रत्येक वर्ष जन्मदिनको संख्या अनुसार गनिन्छ।


## होइकुएन (बाल हेरचाह केन्द्र)

| | |
|---|---|
| 0-1 वर्ष | मुनिका बालबालिका |
| 1-2 वर्ष | |
| 2-3 वर्ष | |
| 3-4 वर्ष | जुनियर |
| 4-5 वर्ष | मिडियम |
| 5-6 वर्ष | सिनियर |

बाल हेरचाह केन्द्र भनेको स्कूल जानु अघि बाल हेरचाह आवश्यक बच्चाहरुले समय बिताउने ठाउँ हो।

प्राथमिक विद्यालय तहका अधिकांश बालबालिकाहरु सार्वजनिक विद्यालयमा जान्छन्, तर हाई स्कूल・विश्वविद्यालयको हकमा भने निजी विद्यालयमा जाने पनि धेरै हुन्छन्।

### भर्ना संख्या अनुसार




参考：令和２年度学校基本調査(文部科学省)

कोउतोउ सेनमोन गाक्कोउमा उद्योग तथा व्यापारी जहाज आदि बारे विशेष अध्ययन गरिन्छ।


कोउतोउ सेनस्यु गाक्कोउ अथवा सेनमोन गाक्कोउमा काम संग सम्बन्धित ज्ञान र सीपहरूका बारेमा अध्ययन गरिन्छ।

▲उच्च माध्यमिक तहका प्राविधिक तथा व्यावसायिक विद्यालय बारे

काम गर्दै तेइजि सेइ (निश्चित समय प्रणाली) वा चुसिन सेइ (संचार अध्ययन प्रणाली) कोउतोउ गाक्कोउमा जाने विद्यार्थीहरु पनि हुन्छन्।

कोउतोउ गाक्कोउको हकमा जेन निची सेइ (पूर्ण-समय प्रणाली) मा जाने विद्यार्थी धेरै हुने गर्दछन्।
अनिवार्य तथा नियमित कोर्समा जाने विद्यार्थी धेरै हुन्छन्। यधपी प्राविधिक कोर्स वा मिश्रित कोर्समा जाने विद्यार्थी पनि हुन्छन् ।

### भर्ना भएका संख्या




参考：令和２年度学校基本調査(文部科学省)



# ~ विद्यालयसंग सम्बन्धित विभिन्न कुराहरु ! ~

## ● विद्यालयमा विभिन्न काम गर्ने फ्याकल्टी कर्मचारीहरु हुन्छन् !

विद्यालयमा प्रिन्सिपल, उप-प्रिन्सिपल, कक्षागत टिचर, क्लास टिचर र स्कूल नर्स आदि, हरेक दिन काम गर्ने शिक्षकहरू र अफिस कर्मचारीहरू हुन्छन्। साथै, आवश्यकता अनुसार कार्य गर्ने पोषणविद्, क्लब गतिविधि प्रशिक्षक, विद्यालय सल्लाहकार, विद्यालय सामाजिक कार्यकर्ता, भाषा सहायक, पुस्तकालय कर्मचारी, कुक र पाले जस्ता विभिन्न पेशामा संग्लान्न कर्मचारीहरू हुन्छन्। सबै जना आ-आफ्नो विशेषता वा ज्ञान प्रयोग गरेर बालबालिकाको लागि विद्यालयमा काम गर्दछन् ।



## ● जापानमा अप्रिलबाट नयाँ सेमेस्टर शुरु हुन्छ !

तपाईंको आफ्नो देश र जापान बीच, उमेर गन्ने तरिका वा नयाँ सेमेस्टर शुरु हुने समय फरक हुन सक्दछ। विश्वका धेरै देशहरूमा सेप्टेम्बरबाट नयाँ सेमेस्टर शुरु हुन्छ । तर जापानमा भने नयाँ सेमेस्टर अप्रिलबाट शुरु हुन्छ र ग्रेड बढ्दै जाँदा क्लास टिचर, कक्षाकोठाको स्थान र सँगै अध्ययन गरेका साथीहरू पनि परिवर्तन “कक्षा हेरफेर” हुन्छन्। नयाँ सेमेस्टरमा बालबालिकाको वरपरको वातावरणमा आमूल परिवर्तन हुने गर्दछ।

साथै, जापानको प्राथमिक र निम्न माध्यमिक विद्यालयहरूमा, स्थानीय सरकार अनुसार एक वर्षमा दुई सेमेस्टर र तीन सेमेस्टर प्रणालीमा विभाजित विद्यालयहरु छन्।

## ● प्राथमिक विद्यालयमा क्लास टिचरले प्राय सबै जसो सबै विषय पढाउने गर्दछन् !

जापानको प्राथमिक विद्यालयहरूमा, क्लास टिचरहरूले प्राय सबै विषयहरू पढाउँने गर्दछन् । तर निम्न माध्यमिक विद्यालयमा भने प्रत्येक विषयमा विशेषज्ञ टिचरहरूले पढाउँने गर्दछन्।

यद्यपि, भविष्यमा, प्राथमिक विद्यालयमा पनि निम्न माध्यमिक विद्यालय जस्तै, प्राथमिक विद्यालयको 5 र 6 कक्षाको क्लासहरुमा चरणबद्ध रूपमा विषय शिक्षक प्रणाली लागू गरिने भएको छ।


**愛知教育大学外国人児童生徒支援リソースルーム**

〒448-8542　愛知県刈谷市井ケ谷町広沢1　TEL：0566-26-2219
e-mail：gendaigp@auecc.aichi-edu.ac.jp　FAX：0566-26-2566


愛知教育大学　リソースルーム

イラスト協力：古屋柚　森嶋純菜　山田優花